**बैठक नं.४**

आज मिति २०८२/०७/३० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [हस्ताक्षर] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [हस्ताक्षर] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | [हस्ताक्षर] |
| ४ | सुनिल शाक्य | सदस्य | [हस्ताक्षर] |
| ५ | विष्णु ढकाल | सदस्य | [हस्ताक्षर] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [हस्ताक्षर] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [हस्ताक्षर] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [हस्ताक्षर] |
| ९ | पदमराज गाहा | सदस्य | [हस्ताक्षर] |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | [हस्ताक्षर] |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [हस्ताक्षर] |
| १२ | बल बहादुर पुन | सदस्य | [हस्ताक्षर] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [हस्ताक्षर] |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | राधा |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. ४.१**

मिति २०८२/०७/०२ मा बसेको नगरकार्यपालिकाको तेस्रो बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. ४.१**

- चालु आ.ब. २०८२।०८३ का लागि स्वीकृत विनियोजन ऐन, २०८२ बमोजिमका आयोजना एवं कार्यक्रमहरु सञ्चालनका लागि कार्य संचालन तालिका स्वीकृत गरिएको ।
- विभिन्न ४ वटा फर्महरुलाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने गरी निर्णय लिइएको ।
- भवन मापदण्ड संशोधनका सम्बन्धमा छलफल गरिएको ।
- आ.ब २०८२।०८३ को लागि विज्ञापन करको अघिल्लो आ.ब. को न्यूनतम ठेक्का अंकलाई आधारमानी ठेक्का अंक कायम गर्ने गरी निर्णय लिइएको ।
- उजिरसिंह अटोभिलेजको वहाल असुली सम्बन्धमा आवश्यक निर्णय लिइएको ।
- कर भुक्तानी अवधिलाई बढाई २०८२ पौष मसान्त सम्म कायम गर्ने गरी निर्णय लिइएको ।
- जेनश हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि बुटवल-८ लाई १०० शैयाको अस्पताल निर्माणका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- प्रशासन तथा जनशक्ति विकास शाखालाई कार्यबोझका आधारमा आन्तरिक प्रशासन शाखा र कर्मचारी प्रशासन शाखा गरी २ भागमा विभाजन गर्ने गरी निर्णय लिइएको ।
- ई. अधिकृतस्तर सातौ तहमा कार्यरत श्री प्रविण भण्डारीको २०८२।७।१ गते देखि लागु हुने गरि १ वर्षको असाधारण विदा स्वीकृतिका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- शुभ दिपावली, २०८२ को अवसरमा बुटवल उपमहानगरपालिका अन्र्तगत वडा नं. ७ स्थित शिवनगरमा रहेको बुटवल- खस्यौली (नन्दिनी) गौशालामा मिति २०८२।०७।०३ गते साँझ लक्ष्मीपुजा र मिति २०८२।०७।०५ गते विहान गोवर्धन पुजा गर्ने गरी निर्णय लिइएको र सोही बमोजिम कार्यक्रम समेत सम्पन्न भएको ।
- भवन मापदण्डमा आवश्यकतानुसार संशोधन गर्नका लागि सुझाव पेश गर्न वडा नं. ५ का वडा अध्यक्ष श्री हरि प्रसाद श्रेष्ठको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गर्ने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. ४.२**

बुटवल उपमहानगरपालिकाको बा आमासंग नगरप्रमुख स्वास्थ्य जाँच सम्वन्धी कार्यविधि, २०८१

(पहिलो संशोधन २०८२) माथि संशोधन सम्वन्धमा ।

निर्णय नं. ४.२

बुटवल उपमहानगरपालिकाको बा आमासंग नगरप्रमुख स्वास्थ्य जाँच सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन २०८२) माथि संशोधन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

१. सेवामा खटिने बिशेषज्ञको लागि प्रतिदिन प्रतिव्यक्ति रु.३०००/- भत्ता दिन सकिने छ ।
२.मेडिकल अफिसर वा सो सरहको लागि प्रतिदिन प्रतिव्यक्ति रु.२५००/- भत्ता दिन सकिने छ ।
३.पालिका तथा वडा तहबाट खटिने स्वास्थ्यकर्मीहरुको लागि प्रतिदिन प्रतिव्यक्ति रु. १०००/- भत्ता दिन सकिने छ ।
४.कार्यक्रम संचालनका क्रममा अनुगमन गरे बापत अनुगमन भत्ता रु. १०००/- दिन सकिने छ ।
५.कार्यक्रममा खटिने चालक तथा कार्यालय सहयोगीहरुलाई प्रतिदिन प्रतिव्यक्ति रु५००/- भत्ता दिन सकिने छ ।
६.कार्यक्रम संयोजकका लागि रु.१०००/- र प्रतिबेदकका लागि रु.१५००/- भत्ता दिन सकिने छ ।
७.कार्यक्रममा खटिने चिकित्सक लगायत अन्य कर्मचारीहरुलाई (माथिको भत्ता नलिनेको हकमा मात्र) यातायात खर्च बापत रु.५००/- दिन सकिने छ ।
८.कार्यक्रममा खटिने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई यातायात खर्च रु.४००/- दिन सकिने छ ।
९.कार्यक्रम संचालनका क्रममा प्रतिदिन प्रतिव्यक्ति खाना खर्च गर्न सकिने छ।
१०. यस कार्यविधिको अनुसूची- १ र अनुसूची- २ मा उल्लेखित सेवाको लागि आवश्यक सामग्री ,औषधि तथा औषधिजन्य सामग्रीहरु आवश्यकताको आधारमा कार्यालयबाट उपलब्ध गराउनुपर्ने छ र निजी क्षेत्रको समेत सहयोग लिन सकिनेछ ।
११. बिशेषज्ञ तथा प्राबिधिक सेवा जस्तै:USG , X-Ray , Lab सेवाको लागि आवश्यकताको आधारमा कार्यालयबाट सामग्री खरिद गरि प्रयोगमा ल्याउन सकिने छ ।
१२. कार्यक्रमका लागि आवश्यक रजिष्टर ,बिरामी पुर्जा (स्वास्थ्य कार्ड) लगायत छपाई गरि प्रयोगमा ल्याउन सकिने छ ।
१३. कार्यक्रमको थप प्रचार प्रसारका लागि आवश्यक्तानुसारका सामानहरु कार्यालयबाट खरिद गरि उपलब्ध गराइने छ ।

**प्रस्ताव नं. ४.३**

वडा नं. १ निवासी आचल श्रेष्ठ सूचक भई दर्ता गरेको मृत्युदर्ता रद्द गर्नका लागि सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४.३**

बुटवल उपमहानगरपालिका वडा नं. १ निवासी श्री राजेशमान श्रेष्ठको छोरी आचल श्रेष्ठ सूचक बनी आफ्नो ठुलोबुबा (रमेश मान श्रेष्ठ) को मिति २०७७।०६।२५ गते दर्ता नं. २०२००८०९०३९७४-२ को मृत्यु दर्ता बनाउदा मृतकको आमाको नाम मोहनलक्ष्मी श्रेष्ठ हुनुपर्नेमा मृतकको कान्छी आमा कालिका देवि श्रेष्ठ उल्लेख गरी मृत्युदर्ता गरेकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २४ अनुसार व्यक्तिले झुट्टा विवरण दाखिल गरी मृत्यु दर्ताको प्रमाणपत्र लिएको हुँदा मिति २०७७।०६।२५ को दर्ता नं. २०२००८०९०३९७४-२ को मृत्यु दर्तालाई रद्द गर्नका लागि वडा कार्यालयको सर्जमिन मुचुल्का, वडा समितिको निर्णय र सिफारिस समेत भई आएको हुँदा उक्त मृत्युदर्ता रद्द गर्न प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.४**

बुटवल उपमहानगरपालिकाको बुटवल मण्डपमा पौष महिनामा संचालन गर्ने औधोगिक मेलाका सम्बन्धमा ।

**निर्णय नं. ४.४**

बुटवल-१० रामनगरमा बुटवल मण्डप परिसर भित्र रहेको औधोगिक प्रदर्शनी स्थलमा पौष महिनामा संचालन गरिने औधोगिक प्रर्दशनी सम्बन्धी मेलाका सम्बन्धमा सरोकारवाला ४ वटा व्यावसायिक संघसंस्थाहरुसंग करिव ६ महिना देखि निरन्तर समन्वय, सहजिकरण एवं छलफल गर्दा र प्रयाप्त मौका दिदा समेत कसले मेला संचालन गर्ने भन्ने सम्बन्धमा सम्बन्धित सरोकारवाला पक्षहरु नै निस्कर्ष एवं टुङ्गोमा पुग्न नसकी सरोकारवाला समेतको उपस्थितिमा मिति २०८२।०७।२० मा बसेको वैठकबाट मेला संचालन कसले र कसरी गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार यस बुटवल उपमहानगरपालिकालाई प्राप्त हुन आएको हुँदा देहायका व्यावसायिक संस्थाहरुलाई देहाय बमोजिमको तालिका बमोजिम हुने गरी मेला संचालनको अनुमति दिने निर्णय गरियो । साथै आगामी वर्षहरुमा पनि यसरी उपलब्ध गराइएको Routine बमोजिम नै क्रमागत रुपमा हुने समेत निर्णय गरियो ।

१. मिति २०८२ पौष महिनामा रुपन्देही उद्योग संघ ।

२. मिति २०८३ पौष महिनामा उद्योग व्यापार संघ ।

३. मिति २०८४ पौष महिनामा रुपन्देही व्यापार संघ ।

४. मिति २०८५ पौष महिनामा बुटवल उद्योग वाणिज्य संघ ।

**प्रस्ताव नं. ४.५**

स्थानीय पूर्वाधार विकास विभाग हरिहर भवन ललितपुरमा योजना तथा कार्यक्रम फिर्ता पठाउने सम्बन्धमा ।

**निर्णय नं. ४.५**

बुटवल उपमहानगरपालिकाको आ.ब. २०८२।०८३ को बजेट सि.नं. २४१३ को जनकपथ सडक सडक पुल बुटवल-१३, रुपन्देही (नेपाल सरकार शसर्त अनुदान पूँजीगत LMBIS No. ११.४.७.५९) को योजना स्थानीय पूर्वाधार विकास हरिहर भवन, ललितपुरको पत्र बमोजिम विभागबाट नै उक्त योजना कार्यान्वयन हुने गरी फिर्ता गर्ने भनी मिति २०८२।०७।२५ मा भएको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.६**

क्रमागत योजनाहरुको म्याद थप गर्ने गरी भएको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ४.६**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा आ.व. २०८१/०८२ मा विभिन्न कारणबाट सम्पन्न हुन नसकेका अधुरा योजनाहरुलाई सम्पन्न हुनेगरी आवश्यक बजेट व्यवस्था भै क्रमागत योजनामा समावेश गरिएको हुँदा देहाय बमोजिमका योजनाहरुको खरिद सम्झौताको अवधि (म्याद) थपका सम्बन्धमा मिति २०८२।०७।२५ मा भएको नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

# बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, बुटवल

## आ.व. ८१/८२ मा ठेक्का प्रक्रियामा गई आ.व. २०८२/०८३ मा दायित्व सिर्जना भएका खरिद सम्झौताको म्याद थप गर्नु पर्ने योजनाहरुको विवरण

| क.सं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | योजनाको नाम | ल.इ. | सम्झौता मिति | शुरु गर्नुपर्ने मिति | सम्पन्न गर्नुपर्ने मिति | थप गरिएको समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०९/०८१/०८२ | श्री ओमनाथ कन्स्ट्रक्सन, गैडहवा ६, रुपन्देही | वडा नं. १८ मा सडक निर्माण तथा नाली निर्माण कार्य | ७४९९५७२.४० | २०८१।०९।१४ | २०८१।०९।१५ | २०८२।०२।३० | २०८२।८।२९ | |
| २ | २७/०८१/०८२ | तारा यु.के.कन्स्ट्रक्सन कम्पनी बुटवल ८ रुपन्देही । | वडा नं.१६ स्थित खडक बहादुर सार्कीको घर देखि पराजुलीको घर हुदै जिवाखरको घर जाने सडक कालोपत्रे,गोबिन्द दंगोरियाको घर देखि सेल्फीडाँडा सम्म सडक कालोपत्रे,धन बहादुर वि.क.को घर देखि गोपाल पौडेलको घर जाने बाटो कालोपत्रे,नरैनापुर चिनक दंगोरियाको घर देखि औषधि फयाक्ट्रि जाने सडकको दुइ ठाउँमा र नामदेवको घर जाने मुख्य सडकको एक ठाउँमा कल्भर्ट निर्माण कार्य | ८६९५९३२.७५ | २०८१।११।१९ | २०८१।११।२० | २०८२।०२।१५ | २०८२।८।२९ | |
| ३ | २८/०८१/०८२ | श्री भोलेबाबा निर्माण सेवा सैनामैना प्रा.लि, गैडहवा-७, रुपन्देही | वडा नं.१२ स्थित नयाँगाउँ मा.वि.(अधुरो भवन निर्माण) | ७४,९८,५८९.४५ | २०८२।०२।२३ | २०८२।०२।२४ | २०८२।०५।३० | २०८२।८।२९ | |
| ४ | ३१/०८१/०८२ | श्री धर्म निर्माण सेवा, बुटवल १४ | बुटवल १२ स्थित अर्घाखांची पथ पिच तथा नाली निर्माण, प्रदेश ल्याव जाने बाटो पिच तथा नाली निर्माण | ३९९९८६९.६० | २०८१।१२।१३ | २०८१।१२।१४ | २०८२।०२।१५ | २०८२।८।२९ | |
| ५ | ३५/०८१/०८२ | श्री रमेश कनस्ट्रक्सन,कुश्मा ८ पर्वत | वडा नं.१९ स्थित अमर मा.वि.भवन निर्माण मदरल्याण्ड स्कुल अगाडी बग्ने कुलो पक्की निर्माण कार्य | २९९२९७५.४९ | २०८२।०१।२४ | २०८२।०१।२५ | २०८२।०३.२० | २०८२।८।२९ | |
| ६ | ४१/०८१/०८२ | श्री राइ निर्माण सेवा बुटवल ११,रुपन्देही | बुटवल वडा नं.११ मयादेवी जनजागृती आधारभूत विद्यालय (अपुरो भवन निर्माण) देवस्थल मन्दिर भित्र पार्टी पौवा शौचालय निर्माण,देवसिद्ध सामुदायिक सभाहल अधुरो काम,सुर्योदय आधारभूत विद्यालय( बाउण्डीवाल तथा फिल्ड निर्माण कार्य) | ६७५९०२७.६९ | २०८२।०१।२४ | २०८२।०१।२५ | २०८२।०४।३० | २०८२।०८।२९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ४३/०८१/०८२ | श्री अनिल एण्ड पौडेल कन्स्ट्रक्सन, नयाँ बानेश्वर | बुटवल वडा नं.१८ स्थित धन्दापुर पोखरावारी मितेरी मार्ग सडक कालोपत्र,धन्दपुर पोखरावारी मितेरी मार्ग सडक कालोपत्र र विजयपुर सौरहिया अधुरो सडक नाली निर्माण कार्य | ४४९९१७५.५५ | २०८२।०२।१२ | २०८२।०२।१२ | २०८२।०३।१५ | २०८२।०८।२९ | |
| ८ | ४४/०८१/०८२ | श्री अनिल एण्ड पौडेल कन्स्ट्रक्सन, नयाँ बानेश्वर | वडा नं. १३ स्थित १३ नं. वडा कार्यालय परिसरमा ट्रस निर्माण, सुखौरा खोला तटबन्धन जनकल्याण टोल, बुटवल-१३, दिदिभई मार्ग, बुटवल-१२ , विजय पथ सडक निर्माण, बुटवल-१३, शान्तिनगर खेलमैदान ढवाह सत्गढ़ी टोल पूर्वाधार निर्माण, बुटवल-१३ निर्माण | ४७९८८७३.३९ | २०८२।०१।२४ | २०८२।०१।२४ | २०८२।०२।३१ | २०८२।०८।२९ | |
| ९ | ४७/०८१/०८२ | मिरर नेपाल कन्स्ट्रक्सन प्रा लि, भक्तपुर ११, चितवन | वडा नं. १२ नयाँगाउँ स्थित श्री स्वामी नारायण मुक्तिनाथ धामको पूर्वाधार भवन निर्माण | ९९९९५४१.४० | 2/4/2082 | 2/4/2082 | २०८२.०३.१५ | २०८२।८।२९ | |
| १० | ५२/०८१/०८२ | श्री ए पी कन्स्ट्रक्सन , सिद्धार्थनगर , रुपन्देही | अधुरो सडक निर्माण,सडक पिसीसी निर्माण कार्यः<br>क) ज्योतीनगर निर्मल श्रेष्ठको घर देखि तुलसी घिमिरेको घर सम्म<br>ख) बुटवल बहुमुखी पथ<br>ग) मिरा घिमिरेको घर देखि चिन बहादुर गुरुङको घर हुँदै दुर्गा मन्दिर सम्म आरसीसी बुटवल ३ | १९४८०३०.०७ | 3/8/2082 | 3/9/2082 | 6/15/2082 | २०८२।०८।२९ | |
| ११ | ५३/०८१/०८३ | श्री हिमालय डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा.लि, काठमाडौँ | वडा नं.७ स्थित सन्तोषी माता गुरुकुल विद्या आश्रम भवन निर्माण कार्य । | ३९,७६,६७७.८६ | २०८२।०२।१३ | २०८२।०२।१३ | २०८२।०५।१६ | २०८२।०८।२९ | |
| १२ | ५४/०८१/०८२ | श्री बडिमालिका कन्स्ट्रक्सन प्रा.लि, मध्यपुर-१, ठिमी | बुटवल वडा नं.१० स्थित अभियानपथ )श्री मध्यपश्चिम प्रितना हेड क्वाटर र लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र ) बाउण्डीवाल निर्माण कार्य | १५९८९५३६.५८ | २०८२।०२।२२ | २०८२।०२।२३ | २०८२।०६।३० | २०८२।११।३० | |
| १३ | ६१/०८१/०८२ | श्री लक्की डिजाइनर्स एण्ड विल्डर्स प्रा.लि., गैडहवा-३, रुपन्देही | बुटवल-१२ स्थित आधारभूत शहरी स्वास्थ्य केन्द्रमा भौतिक पूर्वाधार सुधार(भवन निर्माण) कार्य | ३६९९४९७५६ | 2082-02-29 | 2082-02-29 | 3/15/2082 | २०८२।८।२९ | |

**प्रस्ताव नं. ७ विविध ।**

प्रस्ताव नं. ७.१.१ सन्देशमूलक सूचना सम्प्रेषण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७.१.१**

बुटवल उपमहानगरपालिका भित्र रुट इजाजत प्राप्त गरेका स्थानीय सवारी साधनहरु मात्र सञ्चालनमा ल्याउने र ट्राफिक नियमको पालना गर्नका लागि सन्देशमूलक सूचना प्रवाह गर्नेगरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.२**

स्थानीय सवारी साधन दर्ता एवम् कार्यालयमा जलेका श्रेस्ता सम्बन्धमा ।

**निर्णय नं. ७.१.२**

स्थानीय सवारी साधन व्यवस्थापन ऐन, २०८२को दफा ११ मा भएको व्यवस्था बमोजिम प्रक्रिया थालनी गर्ने एवम् २०८२/०५/२३,२४ को जेन्जी आन्दोलनका क्रममा विद्युतीय रिक्सा सम्बन्धी जलेका कागजातहरूलाई राजश्व शाखाबाट पुन: संकलन गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.३**

चेकजाँच तथा समन्वय सम्बन्धमा ।

**निर्णय नं. ७.१.३**

बुटवल उपमहानगरपालिकामा सञ्चालन हुने विद्युतीय रिक्साहरुको चेकजाँचका लागि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयसँग समन्वय गरी तालिका बनाई चेकजाँच गर्ने तथा जितगढी किल्लाको प्रवर्द्धन गर्ने विद्युतीय-रिक्सालाई प्राथमिकतामा राखी प्रोत्साहन बापत ज्याकेट वितरण गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.४**

कृषि उपज थोक बजार केन्द्र संचालन सम्बन्धमा ।

**निर्णय नं. ७.१.४**

नेपाल सरकारको कृषि उत्पादन र बजारीकरणको माध्यमबाट समृद्धि हासिल गर्ने नीति र लक्ष्य अनुरुप स्वदेशी कृषि उत्पादनलाई बजारीकरण गरी कृषकको उत्पादनलाई सुलभ बजारको व्यवस्था र उपभोक्ताको हक प्रवर्द्धन गर्ने भरपर्दो माध्यम कृषि उपज केन्द्र भएकोले यसको दिगो रुपमा सञ्चालन-

व्यवस्थापन गर्न बुटवल उपमहानगरपालिका प्रतिबद्ध छ । यसै सन्दर्भमा बुटवल उपमहानगरपालिका साविक वडा नं. ८ परिवर्तित वडा नं. ६ पुरानो बसपार्कमा बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको ज.वि १-७-० जग्गामा संचालनमा रहेको कृषि उपज थोक बजार संचालनका लागि भएको त्रिपक्षीय सम्झौताको अवधि समाप्त भएको, त्रिपक्षीय सम्झौताको बुँदा नं. २ अनुसार भौतिक संरचना समेतको स्वामित्व बुटवल उपमहानगरपालिकाको भएको हुँदा उक्त कृषि उपज थोक बजार बुटवल उपमहानगरपालिकाको मातहतबाट सञ्चालन हुने गरी निर्देशिका र कार्यविधिमा संशोधन गर्न तथा "बुटवल उपमहानगरपालिकालाई हस्तान्तरण गर्न" कृषि विकास मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.५**
गाउँ ब्लक जग्गाको नापनक्सा गराउने सम्बन्धमा ।

**निर्णय नं. ७.१.५**
बुटवल उपमहानरपालिका वडा नं. १४ साविक सेमलार न.नं. ८ क कि.नं. ७३, १२२ १२३ र १६१ मध्येको गाउँ ब्लक जग्गाको नापी कार्यालय, रुपन्देहीका प्राविधिकबाट नापनक्सा गराउन पर्ने भएको हुँदा नापजाँच कार्यमा लाग्ने दैनिक भत्ता, खाना/खाजा लगायतका सम्पूर्ण खर्च बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले व्यहोर्ने गरी कार्यालय समय बाहेक बिहान बेलुकाको समयमा प्राविधिक खटाई नापजाँच प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.६**
राजीनामा स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. ७.१.६**
यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको अधिकृतस्तर छैटौ तहमा मिति २०५६।०८।२६ मा नियुक्ति भई हाल सम्म कार्यरत रहनु भएका राजु लामिछानेले आफ्नो घरायसी कारण देखाई मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी पेश गर्नु भएको राजीनामा उपरमा स्वयम कार्यालयमा उपस्थित भई सनाखत समेत गर्नु भएको हुँदा स्थानीय निजामती सेवा नियमावली, २०८२ को नियम १३२ को उपनियम (३) को देहाय खण्ड "क" बमोजिम निजको माग बमोजिम मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी निजले पदबाट दिएको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७१.७**

राजीनामा स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. ७१.७**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको अधिकृतस्तर छैटौ तहमा मिति २०६५।०३।२७ मा नियुक्ति भई हाल सम्म कार्यरत रहनु भएकादामोदर अर्यालले आफ्नो घरायसी कारण देखाई मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी पेश गर्नु भएको राजीनामा उपरमा स्वयम कार्यालयमा उपस्थित भई सनाखत समेत गर्नु भएको हुँदा स्थानीय निजामती सेवा नियमावली, २०८२ को नियम १३२ को उपनियम (३) को देहाय खण्ड "क" बमोजिम निजको माग बमोजिम मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी निजले पदबाट दिएको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७१.८**

मनोनयन सम्बन्धमा ।

**निर्ण नं. ७१.८**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत श्री मित्रमणि खनाललाई मिति २०८२।०८।१५ गते देखि ऐ. मंसिर २९ गते (December 1-15, 2025) सम्म जनवादी गणतन्त्र चीनमा हुने Seminar on school projects for Nepal Project Profile विषयक कार्यक्रममा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरि सहभागी हुन मनोनयन गरेको व्यहोरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौ (मानव संशाधन योजना शाखा ) को प.सं. २०८२।०८३ च.नं. १९२/१ मिति २०८२।०७।२४ को पत्रवाट अनुरोध भई आएको हुँदा तिनै तहका सरकार (बुटवल उपमहानगरपालिका समेत) लाई आर्थिक दायित्व नपर्ने भएको हुँदा उल्लेखित मितिमा हुने कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री मित्रमणि खनाललाई मनोनयन गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७१.९**

निषेध गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७.१.९**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक एवं संस्थागत विद्यालयहरुको प्रवेशद्धार आसपासमा चुरोट, सुर्ति, गुट्खा जस्ता धुम्रपानजन्य वस्तु र सामानहरुको बेचविखन गर्दा सो को प्रभाव विद्यालयहरुमा समेत पर्न गएको भनी सार्वजनिक सुनुवाईमा र अन्य कार्यक्रम र क्षेत्रहरुबाट पनि गुनासोहरु आइरहेको हुँदा नगर क्षेत्र भित्रका सबै विद्यालयहरुलाई उल्लेखित प्रकृतिका कार्यहरु कसैले गरेको भएमा हटाउन लगाई सोको जानकारी वडा कार्यालय मार्फत उपमहनगरपालिकामा पठाउन लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.१०**

छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ७.१.१०**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका छाडा चौपायहरुलाई व्यवस्थापन गर्नु अत्यन्त ठुलो चुनौती रहेको छ । नगर भित्रकै वडा नं. १ मा बादरले गर्दा वस्ती नै विस्थापित हुने अवस्थामा पुगेको छ भने सो को कारण अन्य सिङ्गो नगर नै प्रभावित छ । १४ देखि १९ सम्मका वडाहरुमा निलगाईले खेती नष्ट गरी किसानहरु अत्यन्त मर्कामा परी रहेको सर्न्दभ समेतलाई मध्यनगर गरी छाडाचौपाया, निलगाई र बादर नियन्त्रणका लागि आर्थिक व्यायभार न.पा.ले व्यहोर्न प्रतिवद्ध रहेको व्यहोरा दर्शाई उल्लेखित समस्या समाधानका लागि समन्वय, सहजिकरण र विज्ञ सहितको आवश्यक सहयोग उपलब्ध हुनका लागि नेपाल सरकार वन विभाग मार्फत सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.११**

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराउने सम्बन्धमा ।

**निर्णय नं. ७.१.११**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका नदी, नाला, खोल्साहरुको आय ठेक्का वन्दोवस्ती जस्ता प्रयोजनका लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) लगायतका कार्य प्रक्रियाहरु अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.१.१२**

यस बुटवल उपमहानगरपालिका वडा नं. १४ निवासी रिमकला पाण्डेको छोरा सुदिप न्यौपानेको भारतको जम्मु कश्मिरको पहलगाममा आतंककारीको आक्रमणमा परी घुम्न गएको बेला मृत्यु भएको हुँदा निज मृतक परिवारको राहतका लागि मृतकको आमा नाता पर्ने रिमकला पाण्डेलाई रु. २,५०,०००। (अक्षेरुपी दुई लाख पचास हजार मात्र ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूवाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।अ